जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २८३ पृष्ठः ४ | २०८२ फाल्गुन २२ शुक्रबार (Friday 06 March 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहामा शान्तिपूर्ण रूपमा मतदान सम्पन्न, करिब ६५ प्रतिशत मत खस्यो




सिरहा, २१ फाल्गुन। बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा करिब ६५ प्रतिशत मत खसेको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालय सिराहाका अनुसार जिल्लाको चार वटै क्षेत्रमा शान्तिपूर्ण रूपमा सम्पन्न निर्वाचनमा करिब ६५ मतदान भएको जनाएको हो। निर्वाचन अधिकृतको कार्यालय सिरहाले निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएको र बिहीबारै रातिबाटै मतदान प्रक्रिया सुरु हुने बताए। जिल्ला निर्वाचन कार्यालय सिराहाका निर्वाचन अधिकारी राजन श्रीवास्तकका अनुसार अहिले विवरणहरू संकलन भइरहेको छ।

सिरहामा कुल ४ लाख ५३ हजार ६४५ मतदाता रहेका छन्। जसमध्ये २ लाख ४१ हजार ६१५ पुरुष, २ लाख १२ हजार २८ महिला र २ जना अन्य मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय सिरहाले जनाएको छ। सिरहाको चार वटा निर्वाचन क्षेत्रबाट विभिन्न साना ठुला दलका ५३ र स्वतन्त्र ८५ गरी १३८ जना उम्मेदवार प्रतिस्पर्धामा छन्। निर्वाचनमा विभिन्न दलबाट ३ र ५ स्वतन्त्र गरी आठ जना महिला उम्मेदवार छन्। निर्वाचनका लागि जिल्लामा २ अस्थायीसहित २२५ मतदान स्थल र ५३७ मतदान केन्द्र स्थापना गरिएको थियो।

त्यस्तै सिरहा सहित मधेसमा शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न भएको छ। प्रदेशका ८ वटै जिल्लामा शान्तिपूर्णरुपमा निर्वाचन सम्पन्न भएको मधेस प्रहरीले जनाएको छ। ८ वटै जिल्लाका ३२ निर्वाचन क्षेत्रबाट मतपेटिका संकलन भइरहेको प्रदेश प्रहरी प्रमुख डिआइजी गोविन्द थपलियाले बताए। उनका अनुसार अहिले मतपेटिका संकलन भइरहेको छ, संकलनको कार्य समाप्त भइसकेपछि मात्रै मतगणनाको कार्य हुनेछ।

## रौतहटमा ६१ जना कैदीबन्दीले गरे मतदान



**प्रवीणकुमार शर्मा**

रौतहट, २१ फाल्गुन। कारागार कार्यालय गौर, रौतहटमा मतदान सम्पन्न भएको छ।कारागारमा रहेका २०८ कैदीबन्दी मध्ये ६३ जना मतदाता रहेका थिए। कारागारमा १९९ पुरुष र नौ जना महिला रहेकोमा ६३ जना पुरुष मतदाता रहेका छन्। ६३ जना मतदातामध्ये दुई जना भर्खरै कैदमुक्रुत भएका कारण ६१ जनाले मतदान गरेको कारागार कार्यालय गौर, रौतहट अस्थायी मतदान केन्द्रका मतदान अधिकृत सावित्रा थापाले जानकारी दिनुभयो। मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत र कार्यालय सहयोगी गरि तीन कर्मचारी खटाइएकोमा उहाँले पनि सोही मतदान केन्द्रबाट मतदान गर्नुभएको छ। मतदान कर्मचारी बाहेक कारागार कार्यालयका कर्मचारी, निर्वाचन प्रहरी र नेपाली सेना गरी २२ जनाले मतदान गर्नुभएको मतदान अधिकृत थापाले जानकारी दिनुभयो। सबै मत खसिसके पनि मतपेटिका सिल गर्ने कार्यक्रम पाँच बजे मात्रै हुने उहाँले बताउनुभयो।

## सप्तरी कारागरामा मतदान सकियो

**विनय कर्ण**


सप्तरी, २१ फाल्गुन। सप्तरी कारागार कार्यालय राजविराजमा मतदान सकिएको छ। बिहीबार बिहान ७ बजेदेखि सुरु भएको मतदानमा ६८ जना कैदीबन्दीले मतदान गरेका हुन्। प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालयले तयार पारेको अस्थायी मतदाता नामाबली अनुसार कारागारमा ६९ जना कैदीबन्दीको नाम रहेकोमा ६६ जनाले मतदान समानुपातिक तर्फ गरेको मतदान अधिकृत उमेशकुमार अर्यालले जानकारी

**-बाँकी दुई पेजमा**

## निर्वाचन नै देशको निकासको प्रमुख विकल्प : प्रथम राष्ट्रपति डा.यादव

**लक्ष्मी चौधरी**

जनकपुरधाम, २१ फाल्गुन। नेपालका प्रथम राष्ट्रपति डा.रामवरण यादवलले देशको वर्तमान अवस्थाबाट उचित निकास दिनका लागि निर्वाचन बाहेक अर्को विकल्प नरहेको धारणा व्यक्त गर्नुभएको छ। बिहिबार प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि मत खासल्न धनुषा निर्वाचन क्षेत्र-स्थित सपही आउनुभएका नेपालका प्रथम राष्ट्रपति डा.यादवले यस्तो धारणा व्यक्त गर्नुभयो।



उहाँले आफ्नो पैतृक गाउँ सपहीस्थित वी.पी. माध्यमिक विद्यालय मतदान केन्द्रमा मतदान पुगी मत खसाल्नुभएको हो। उहाँले गत भदौ २३ र २४ गते युवा पुस्ताले गरेको आन्दोलनपछि देशमा देखिएको राजनीतिक अवस्थालाई समाधान गर्ने प्रभावकारी माध्यम अहिलेको मध्यावधि निर्वाचन बनेको बताउनुभयो। डा.यादवले

**-बाँकी दुई पेजमा**




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## तनाव व्यवस्थापनका तरिका

- नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं।
- परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं।
- पर्याप्त निन्द्रा र आराम गरौं।
- स्वस्थ र सन्तुलित खाना खाने गरौं।
- आ नो रुचिका गतिविधिमा संलग्न हुने गरौं।
- काम र विश्रामबीचको सन्तुलन राख्ने गरौं।

तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## प्रक्रियाजस्तै परिणाम स्वीकारिने अपेक्षा

फाटफुट सामान्य घटनाबाहेक देशभर शान्तिपूर्वक मतदान भइरहेको छ। 'जेन–जी आन्दोलन'पछि प्रतिनिधि सभाको निर्वाचनका लागि तोकिएकै मिति फागुन २१ गते बिहानैदेखि मतदान सुरु भएको हो। देशमा १ करोड ८९ लाख ३ हजार ६८९ मतदाता छन्। निर्वाचन आयोगका अनुसार तिनमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजार १३१ महिला र २०० अन्य छन् भने १ लाख ८६ हजार १४२ अस्थायी मतदाता दर्ता भएका छन्।

एकै चरणमा भएको प्रतिनिधि सभा निर्वाचनमा मतदान तथा मतगणना सञ्चालन गर्न २ लाख १५ हजार कर्मचारी खटाइएको आयोगले जनाएको छ। नेपालको संविधान, २०७२ अनुसार यो प्रतिनिधि सभाको तेस्रो निर्वाचन हो। यसअघि २०७४ र २०७९ सालमा निर्वाचन भएको थियो। भदौ २३–२४ का घटना नभएको भए अर्को निर्वाचन २०८४ सालमा हुनुपर्थ्यो। अर्थात् जेन–जी आन्दोलनको सम्बोधन गर्न यो निर्वाचन भएको हो।

स्पष्ट छ, यो नियमित आवधिक निर्वाचन होइन। संविधान, २०७२ मा यसरी प्रतिनिधि सभा भङ्ग गरी निर्वाचन गरिने प्रावधान पनि छैन। सम्भवतः संविधान निर्माताहरूले संविधानबाहिरबाट प्रतिनिधि सभा भङ्ग गरी अर्को निर्वाचन गराउनुपर्ने कल्पना गरेका थिएनन्। जे भए पनि जेन–जीको छनोट र सिफारिसमा पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीको नेतृत्वमा गठित सरकारले तोकिएको मितिभित्र निर्वाचन गराउन सफल भएको छ। यससँगै अवरुद्ध नेपालको लोकतान्त्रिक विकासको गति पुनः सुरु हुने अपेक्षा गरिएको छ।

परस्पर तीव्र घृणा, द्वेष र उद्वेग प्रकट गर्ने कतिपय दलका नेताहरूको प्रवृत्ति हेर्दा नेपालको लोकतान्त्रिक प्रणाली नै सङ्कटमा पर्ने हो कि भन्ने शङ्का उब्जिएको थियो। धन्न, तिनको कुण्ठा र अहङ्कार उनीहरूमै सीमित रह्यो र लोकतान्त्रिक प्रणालीलाई आघात पुऱ्याउन सकेन। कतिपय राजनीतिक नेताभन्दा नेपाली जनता नै परिपक्व र लोकतन्त्रवादी देखिएका छन्। कम्तीमा लोकतान्त्रिक प्रक्रिया र पद्धतिप्रति उनीहरूको विश्वास कायम रहेछ। समस्याको समाधान लोकतन्त्रभित्रै खोज्नुपर्छ भन्ने विश्वास पनि देखिएको छ।

नेपाली जनताको यही लोकतान्त्रिक चेतनाले शासकलाई अधिनायकवादी बन्नबाट पनि रोक्नेछ। लोकतन्त्रको रक्षा अन्ततः जनताले नै गर्छन्, किनकि त्यसका लागि लामो संघर्ष पनि उनीहरूले नै गरेका हुन्। निर्वाचन परिणाम सहज रूपमा स्वीकारेर सबै प्रत्याशी र दलहरूले लोकतान्त्रिक संस्कार देखाउने अपेक्षा गर्नु अनुचित हुनेछैन। यद्यपि नेपालमा हार्नेबित्तिकै धाँधलीको आरोप लगाउने परम्परा पनि छ। आशा गरौँ, यसपटक नेताहरू पनि जनताजत्तिकै परिपक्व देखिनेछन्।

### *सप्तरी कारागरामा...*

दिनुभयो।

कारागारमा कुल ६९ कैदीबन्दी र चार कर्मचारी गरी ७३ जना मतदाता रहनुभएको थियो। ६९ कैदीबन्दीमध्ये दुई जना कैद सजाय भुक्तान गरी जेलमुक्त भएको र एक जनाको स्थान्तरण भएकाले ६६ जनाले मतदान गरेको निमित्त जेलर सुशिल कर्णले बताउनुभयो। यस्तै कर्मचारी तर्फ दुई जना गरी कुल ६८ मत खसेको उहाँले जानकारी दिनुभयो।

### *निर्वाचन नै ...*

लोकतान्त्रिक प्रणालीलाई बलियो बनाउन सक्षम, इमानदार र जनताप्रति उत्तरदायी जनप्रतिनिधि चयन गर्नु अत्यन्त आवश्यक रहेको बताउनुहुँदै मतदाताले सोचविचार गरेर आफ्नो मत प्रयोग गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

पूर्व राष्ट्रपति यादवले अहिले भइरहेको निर्वाचनले देशको राजनीतिक अन्योल हटाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दै आम मतदाताको उत्साहजनक सहभागिता देखिएकोमा खुशी व्यक्त गर्नुभयो। ज्येष्ठ नागरिकसमेत रहनुभएका उहाँले देशभर शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न हुने आशा व्यक्त गर्नुभयो। साथै वर्तमान संविधानले प्रदान गरेका उपलब्धिको रक्षा गर्दै थप उपलब्धि हासिल गर्न पनि यो निर्वाचन महत्वपूर्ण हुने उहाँको विश्वास छ।

उहाँले सबै मतदातालाई जिम्मेवार ढङ्गले आफ्नो मताधिकार प्रयोग गर्दै असल र योग्य जनप्रतिनिधि चयन गर्न अपिल समेत गर्नुभयो।

# चुस्त सुरक्षा, ढुक्क मतदान

**जेनजी आन्दोलन, त्यसपछिको परिस्थिति, सुरक्षा निकायमा पुगेको क्षति, खस्केको मनोबल, स्रोतसाधन अभाव, फरार कैदीबन्दी, लुटिएका हतियार जस्ता विषयले अहिलेको चुनाव निकै संवेदनशील मानिएको थियो। तर, सुरक्षाका हिसाबले निकै शान्तिपूर्ण र ऐतिहासिक रह्यो।**

**नारायण अधिकारी**

काठमाडौं, २१ फाल्गुन। 'एक थोपा रगत नबग्ने गरी र एक जना पनि घाइते नहुने गरी निर्वाचन सम्पन्न गराउनुपर्छ।' १२ मंसिरमा सैनिक मुख्यालय जंगीअ। निरीक्षण गर्दै प्रधानमन्त्री सुशीला कार्कीले प्रधानसेनापति अशोकराज सिग्देललाई निर्देशन दिएकी थिइन्। त्यसपछि प्रधानमन्त्री कार्कीले रगत नबगाइ निर्वाचन सम्पन्न गराउने विषय पटक–पटक दोहोऱ्याइरहिन्। कार्कीले भनेजस्तै अहिले एक थोपा पनि रगत नबगी प्रतिनिधिसभा निर्वाचन सम्पन्न भएको छ। देशभरिका १ सय ६५ निर्वाचन क्षेत्रका १० हजार ९ सय ६७ मतदानस्थलमा उत्साहपूर्वक मतदान भयो। केहीमा सामान्य छिटपुट घटना बाहेक शान्तिपूर्ण रूपमा मतदान सकिएको छ।



८० हजार नेपाली सेना, ७० हजार नेपाल प्रहरी, ३४ हजार सशस्त्र प्रहरी र १ लाख ४९ हजार ९० निर्वाचन प्रहरी गरी करिब साढे ३ लाख सुरक्षाकर्मी निर्वाचनमा खटिएका थिए। निर्वाचनकै लागि प्रहरी प्रधान कार्यालयमा केन्द्रीय निर्वाचन सेल र कमान्ड सेन्टर स्थापना गरिएको थियो। केन्द्रीय निर्वाचन सेलबाट सबै जिल्लास्थित निर्वाचन सेलबाट भइरहेको काम कारबाही एवं गतिविधि जानकारी लिने काम भयो। एसएसपी दयानिधि ज्ञवालीको कमान्डमा निर्वाचन विश्लेषण महाशाखा पनि खडा गरेर काम भएको थियो। प्रहरीका यी प्रयासबाट पनि निर्वाचन शान्तिपूर्ण बनाउन सम्भव भएको छ।

शान्तिपूर्ण निर्वाचन सम्पन्न गराउन नेपाली सेना एक महिनाअघि २१ माघदेखि फिल्डमा निस्केको थियो। संयुक्त गस्तीदेखि सेनाले बख्तरबन्द गाडीमार्फत पनि गस्ती बढायो। जसले एरिया डोमिनेट गर्ने काम गऱ्यो। मनावैज्ञानिक रूपमा नागरिकमा यसले शान्ति सुरक्षा मजबुत छ भन्ने प्रभाव पार्न ठूलो भूमिका खेलेको सेनाको बुझाइ छ।

'बर्दी शो अफ थ्योरी अनुसार सेनाले आफ्नो उपस्थिति गाउँगाउँ पुऱ्याएको थियो, यसले निर्वाचन बिथोल्न खोज्ने र झडप गर्न खोज्नेलाई डोमिनट गर्न सहज भयो, एक महिना अघिको यो गस्ती शान्तिपूर्ण रूपमा निर्वाचन गराउन सफल भयो,' एक सैनिक अधिकृतको बुझाइ छ।

निर्वाचनमा ८० हजार सेना परिचालन गरिएको नेपाली सेनाका प्रवक्ता सहायक रथी राजाराम बस्नेत बताउँछन्। सशस्त्र प्रहरीको भूमिका पनि उल्लेख्य रह्यो। संवेदनशील क्षेत्रमा पर्याप्त मात्रामा जनशक्ति परिचालन गरेर काम भयो। नेपाल प्रहरीका पूर्वएआईजी उत्तमराज सुवेदी अहिलेको यो निर्वाचन शान्ति सुरक्षाका हिसाबले ऐतिहासिक रहेको बताउँछन्। 'हामी सानो हुँदा पञ्चायतकालको चुनाव सुन्यौं, ३० वर्ष त प्रहरी सेवामा रहेर धेरै पटक निर्वाचन गरायौं तर यत्तिको शान्तिपूर्ण निर्वाचन भएको थिएन,' सुवेदी भन्छन्, 'यसलाई पनि सुरक्षाका हिसाबले ऐतिहासिक मान्छु।'

अहिलेको विषम परिस्थिति, जेनजी आन्दोलन र त्यसबाट सुरक्षा निकायमा पुगेको क्षति, खस्केको मनोबल, स्रोतसाधन अभाव, फरार कैदीबन्दी, लुटिएका हतियार जस्ता विषयले अहिलेको चुनावलाई सुरक्षाका हिसाबले निकै संवेदनशील मानिएको थियो। अझ एकथरीको 'निर्वाचन नै हुँदैन' भन्ने भाष्य र वाह्य चलखेल पनि कारण देखाउने गरिएको थियो। तर, ती सबै भाष्य चिर्दै शान्तिपूर्ण निर्वाचन हुनलाई सुरक्षाका हिसाबले ऐतिहासिक रूपमा आफूले लिएको सुवेदी बताउँछन्।

यो निर्वाचनले शान्ति सुरक्षाका मामलामा सुरक्षा निकायले भरपुर तयारी गरेको र आफूलाई अब्बल रहेको पुष्टि गरेको सुरक्षा जानकारहरूको बुझाइ छ। चार वटै सुरक्षा निकायबीच समन्वय भूमिका पनि उल्लेख्य रह्यो। एकीकृत निर्वाचन सुरक्षा कार्ययोजना २०८२ बनाएर निर्वाचन सुरक्षाको काम भइरहेको छ। एकीकृत सुरक्षाको मुख्य नेतृत्व नेपाली सेनाले गरेको छ। अहिले पनि हरेक दिन सबै सुरक्षा निकायका निर्वाचन सेल हेर्ने सुरक्षाकर्मीहरू सैनिक मुख्यालय जंगीअ। पुगेर सुरक्षा विश्लेषण गर्नेदेखि रणनीति बनाएर काम गर्दै आएका छन्।

जसले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागबीच राम्रो समन्वय भएको देखिन्छ। यसको नतिजा फिल्डमै देखिएको छ। पर्सामा हिंसा भड्काउने उद्देश्यले सुँगुरका टाउका र ९ वटा सुतली बमसहित पत्राउ पर्ने व्यक्तिको सूचना नै नेपाली सेनाले नेपाल प्रहरीलाई दिएको थियो। सेनाको सूचना अनुसार प्रहरीले बेलैमा अपरेसन गर्दा दुर्घटना हुनबाट टरेको थियो। नेपाली सेनाका प्रवक्ता तथा सहायक रथी राजाराम बस्नेत एकीकृत सुरक्षा योजना बनाएर निर्वाचनपूर्व, निर्वाचन अवधि र निर्वाचनपछिको अवधि के–के गर्ने भन्ने प्रष्ट तोकेर सबैसँग समन्वय गरेर काम गर्दा निर्वाचन शान्तिपूर्ण भएको बताउँछन्।

**छिटपुट घटना**

सर्लाही क्षेत्र नम्बर–४ मा पर्ने बसबरिया गाउँपालिका–३ भवानीपुरस्थित जनता माध्यमिक विद्यालयको मतदान केन्द्रमा मतदान सुरु भएको केही समयमै विवाद उत्पन्न भयो। तर, त्यो स्थितिलाई बेलैमा सुरक्षा निकायले नियन्त्रणमा लिए। त्यसपछि मतदान सुरु भयो। यो क्षेत्रबाट नेपाली कांग्रेस सभापति गगनकुमार थापा र राष्ट्रिय स्वतन्त्र पार्टीका नेता अमरेशकुमार सिंह उम्मेदवार थिए। हेभिवेट भिडन्त भएकाले सुरक्षा चुनौती निकै हुने आकलन थियो। तर, सुरक्षा व्यवस्था चुस्त रहेकाले कुनै घटना भएन। उदयपुर कटारी नगरपालिका–३ तरकारी तथा फलफूल बजार बिक्री केन्द्र तावाखोला (ख) मतदान केन्द्रमा सुरक्षाकर्मीले बोकेको हतियारबाट गोली पड्कियो। प्रहरी जवानले बोकेको हतियारबाट गोली पड्किँदा मतपेटिकामा क्षति भयो। ४ मत खसेको उक्त मतपत्र भने सुरक्षित रहेकाले त्यहाँ कुनै विवाद भएन र तत्कालै मतदान सुरु भयो।

झापा जिल्लालाई सुरक्षाका हिसाबले निकै चुनौतीपूर्ण मानिएको थियो। झापा–५ बाट नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली र रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) उम्मेदवार थिए। दुवै हेभिवेट र दुवै प्रधानमन्त्रीका दाबेदार रहेकाले पनि यहाँ सुरक्षा चुनौती रहेको विश्लेषण गरिएको छ। तर, विना कुनै घटना शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख तथा एसपी बसुन्धरा खड्का बताउँछिन्। केही ठाउँमा स्थानीय मतदाताले विभिन्न माग राखेर निर्वाचनमा सहभागी नभएको अवस्था बाहेक देशभरि शान्तिपूर्ण मतदान भएको छ।

दुर्गा प्रसाईं, नेकपा बहुमत सहित विभिन्न १२ वटा समूहबाट निर्वाचन बिथोल्न सक्ने भन्दै उनीहरूमाथि सुरक्षा निकायले विशेष निगरानी राखेर काम गरेका थिए। बिथोल्ने समूहका केहीलाई त पत्राउ गरेर हिरासतमा समेत राखिएको छ। उनीहरूबाट पनि त्यस्तो कुनै ठूलो क्षति हुन पाएन। देशभरिबाट निर्वाचनको दिन ३० ठाउँ तर्साउन राखिएको होक्सहरू भेटिएका थिए। त्यस्ता वस्तु नेपाली सेनाले डिस्पोज गरेको थियो।

**४ राउन्ड हवाई फायरमा निर्वाचन सम्पन्न**

यो निर्वाचनमा प्रहरीको बन्दुकबाट जम्मा चलेको गोली भनेको ५ राउन्ड हो। जसमध्ये एक राउन्ड असावधानीवश आफैं पड्केको थियो। जुन उदयपुर कटारीको हो। यसबाहेक प्रहरीले जम्मा ४ राउन्ड हवाई फायर गर्नुपरेको थियो। हरेक पटकको निर्वाचनमा हुने झडप, विवादजस्तै दोलखामा पनि यस पटक विवाद भयो। मतपत्र नै लिएर मान्छे फरार भएको र निर्वाचन कर्मचारीमाथि हातपात हुन खोजेपछि प्रहरीले ४ राउन्ड हवाई फायर गरेको थियो।

दोलखा तामाकोशी गाउँपालिका–४ गोल्मेश्वर मावि मालुमा बिहान ८:४५ बजेदेखि विवाद सुरु भयो। प्रहरीले हवाई फायर गरेपछि ९:०५ मा पुन मतदान सुरु भयो। ११:१० बजे भने नेपाली कांग्रेसले धाँधली गरेको भन्दै विवाद भयो। त्यसपछि प्रहरीले एसएलआरबाट अर्को तीन राउन्ड हवाई फायर गरेको थियो। विवाद मिलेपछि ४:३४ बजेदेखि मतदान सुरु भयो। हरेक निर्वाचनमा झडप हुने दोलखामा २०६४ को निर्वाचनमा त २ जनाको मृत्यु नै भएको थियो। २०७४ को निर्वाचनमा पनि एक जनाको मृत्यु भएको थियो। गोली चल्नु र घाइते हुनु दोलखाको अवस्थामा सामान्य रहेको सुरक्षाकर्मी बताउँछन्।

# ज्येष्ठ मतदाताका अपेक्षा : अब हाम्रा नाति–नातिनाले दुःख नपाउन्

मत दिएर फर्किंदै गरेका काठमाडौंका मतदाताका ठूला अपेक्षा छैनन्। 'शान्ति–सुरक्षा होस्, ढुक्कले बस्न पाइयोस्। कसैले पनि अकालमा ज्यान फाल्नु नपरोस्,' उनीहरू भन्छन्।

**कौशल काफ्ले**



काठमाडौं, २१ फाल्गुन। पहिलो पटक भेट भएका ८३ वर्षीया ललिता सापकोटा र ७९ वर्षीया इन्दिरा भट्टराई चुनावी गन्थन गर्दै थिए। काठमाडौं क्षेत्र नम्बर १ को रत्नराज्य माध्यमिक विद्यालय केन्द्रमा मतदान गरेर निस्केपछि चिनाजान गरेका उनीहरूको बुझाइ थियो– देशमा बेथिति चरम थियो, त्यसैले युवाले विद्रोह गर्नुपर्यो। रत्नराज्य मावि परिसर र बाहिर सडकमा चुनावी रौनक देखिन्थ्यो। युवादेखि वृद्ध वयका मतदाता त्यहाँ थिए। भक्तपुरकी ८३ वर्षीया सापकोटाले आफूले मत दिएको इतिहास सम्झँदै भनिन्, '१८ वर्षदेखि भोट हाल्दै आएकी छु। २००४ सालमा जन्मेकी हुँ, ठ्याक्कै याद नभए पनि हरेक पटक भोट हालेँ। तर आफ्नो दुःख आफैँसँग छ।'

यो उमेरसम्म आइपुग्दा उनले पाँचथर, इलाम हुँदै २७ वर्षदेखि काठमाडौंमै मतदान गर्दै आएकी छन्। बसोबास भक्तपुरमा रहे पनि मतदाता नामावली भने काठमाडौं-१ मा रहेको उनले बताइन्। जीवनमा पहिलो पटक भोट हाल्दा उनका अपेक्षा अहिलेभन्दा भिन्न थिए। त्यसबेला खेतीपातीका लागि मल र बिउबिजन सहज ढंगले पाउनु नै ठूलो कुरा थियो। त्यसबाहेक सडक पूर्वाधार जस्ता कुरा त सदाबहार समस्या भइहाले। यो उमेरमा मत हाल्दै गर्दा उनले आफ्नोभन्दा पनि भविष्यका पुस्ताको बारेमा सोच्नुपर्ने बताइन्।

नाति–नातिना पुस्ताले आफूले जस्तो दुःख पाउनु नपरोस् भन्ने कामना गरिरहेकी सापकोटाले उम्मेदवारहरूसँग पनि त्यस्तै अपेक्षा गरेकी छिन्। 'हिजो हामीले हाम्रो लागि सोच्यौँ। अब त यिनै नाति–नातिना, छोराछोरीले देश भित्रै पढ्न पाउन्। उनीहरूले खोजे जस्तो विकास होस् भन्ने न हो,' मतदानपछि आशावादी सुनिइन्, उनी। सापकोटासँगै भलाकुसारी गरिरहेकी बानेश्वर निवासी इन्दिरा भट्टराईले अर्घाखाँचीमा रहँदा पञ्चायतकालमा गाउँ पञ्चायतको पनि कार्यअनुभव बटुलिन्। उनी अहिलेसम्म हरेक चुनावमा मत दिइरहेकी छन्।

तर, आफ्नो जीवनको सुरुवाती चुनावी वर्षमा मतदान गर्दा कुनै भेउ पाउन सकिनन्। 'सबैले भोट हाल्ने, भोट हाल्ने भन्थे। लहैलहैमा हाल्न गइन्थ्यो। कुनै माग र अपेक्षा भन्ने कुरा नै भएन,' भट्टराईले विगत सम्झिइन्। आजसम्म जति नै पटक मत हाले पनि ठोस परिवर्तन आफ्नो जीवनकालमा नदेखेको भट्टराईको गुनासो छ। व्यवस्था फेरिएपछि केही सकारात्मक होला कि भनेर लागेको आशा पनि पछिल्लो समय धुमिल हुँदै गएको छ। अझ भदौ २३ गते जेनजी आन्दोलनमा कलिला युवा मारिएको घटनाले उनलाई विक्षिप्त बनायो।

'हाम्रा नाति–नातिनाले पढाइ, विकास खोज्छन्। हामीलाई भन्दा पनि अब उनीहरूका मुद्दामा ध्यान दिनुपर्यो। अस्ति जस्तो केटाकेटी मार्नुभएन,' भट्टराईले भनिन्, 'लोकतन्त्र आएपछि एक–दुई वर्ष ठिकै थियो। त्यसपछि अनुशासन हरायो, इज्जत हरायो, नेताहरू जतनासँग डराउने छाडे। भ्रष्टाचारले देश डुबायो। बालबच्चा मारिन थाले। यी कुराको अन्त्य अबको चुनावले सुनिश्चित गर्नुपर्छ।' रत्नराज्य माध्यमिक विद्यालयबाटै मत हालेर घर फर्कंदै थिए, बुद्धिप्रसाद राई। टेकोको सहारामा हिँडिरहेका ८० वर्षीय राईले २५ वर्षदेखि काठमाडौंमा मत हाल्दै आएका छन्। त्यसअघि उनले खोटाङबाटै मत हाले।

जीवनका कुनै पनि चुनाव (उमेर पुगेपछि) उनले छुटाएका छैनन्। जिताएर पठाएका प्रतिनिधिले सधैँ बेवास्ता गरे, तर उनले मतदानलाई बेवास्ता गरेनन्। बिहीबार मतदान गरेर फर्किँदा पनि उनमा कुनै अपेक्षा थिएन। राईले भने, 'आजसम्म के भयो र अपेक्षा गर्नु ? तैपनि, आफ्नो अधिकार त सदुपयोग गर्नुपर्छ।' यतिका वर्षदेखि भोट हालेर के पाउनुभयो त ? भन्ने प्रश्नको जवाफमा उनले थपे, 'केही पाइएको छैन। नेता बनायो, पठायो। बरु चुनेर जानेले मस्ती गरेको छ।'

यो पटक पनि उस्तै नियति दोहोरिन्छ भन्नेमा ढुक्क देखिन्छन्, राई। चुनाव अगाडि आश्वासन दिने, निर्वाचित भएपछि हराउने राजनीतिक संस्कार नै स्थापित भएकाले अब पनि केही होला भन्ने अपेक्षा उनमा छैन। कारण– जीवनमा धेरै नयाँ पार्टी देखे, धेरै पटक नयाँ आशा राखे। तर निराशाले छाडेन। विगतका चुनावमा पनि हरेक उम्मेदवार बाटो बनाइदिन्छु, स्कुल बनाइदिन्छु भन्दै आएको स्मरण उनमा छ, जुन अहिले पनि चलिरहेको छ। बरु देशमा रोजगारको समस्य देखेर विदेशिने नयाँ पुस्ता देखेका छन्। यसले झन् चिन्तित बनाएको छ।

'सबै विदेश जाने भन्छन्। नजाउ भन्नलाई अहिले यहाँ कामै छैन। स्वरोजगारी छैन। कमाउने धन्दा छैन,' राईले गुनासो पोखे, 'विकासको हकमा पनि यो ठाउँको आवश्यकता अनगिन्ती छन्। बाहिरी सडक पिच भएर हुँदैन, भित्रको अवस्था हेर्नुपर्यो। यो कुरा कसले पूरा गर्ला र ?' ८७ वर्षीय शिवप्रसाद गिरीको अनुभव पनि उस्तै छ। काठमाडौं क्षेत्र नम्बर २ स्थित पेप्सीकोला फुटबल ग्राउन्डको केन्द्रमा मतदान गरेका उनी लोरी टेक्दै घर फर्कंदै थिए। सकिनसकी आफू मताधिकार प्रयोग गर्न मतदानस्थलसम्म आएको उनले बताए। लाइन नबसी मत हाल्ने सुविधा पाएका उनले केही छिनमै मत हालेको बताए।

गिरीले उमेर पुगेदेखि कुनै चुनाव छुटाएका छैनन्। हरेक चुनावमा आफ्नो कर्तव्य सम्झिएर मत दिइरहेका छन्। यस पटक पनि सोहीअनुसार अधिकार प्रयोग गरेका उनले शान्ति–सुरक्षाको अपेक्षा राखेको सुनाए। 'धेरै अपेक्षा केही छैन। शान्ति–सुरक्षा होस्, ढुक्कले बस्न पाइयोस्। कसैले पनि अकालमा ज्यान फाल्नु नपरोस्,' वैशाखमा ८८ पुग्दै गरेका गिरीले भने। मत हाल्दै गर्दा भदौ २३ र २४ गतेको आन्दोलन सम्झिएका गिरीले थपे, '२०६२/०६३ को आन्दोलनमा पनि मान्छे मारियो, चुनाव भयो। यस पटक पनि त्यसैगरी २०८४ को चुनाव २०८२ मा सर्यो। अब यस्ता घटना नदोहोरिउन्। पूरा कार्यकाल जनताका लागि काम गर्न पाउन्।'

# दलहरू तानिँदै कसरी आइपुगे निर्वाचनसम्म ?

दल र नेताहरूले पनि निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न गराएकोमा सरकार, सम्बन्धित सरोकारवाला र जनतालाई धन्यवाद दिएका छन्। शान्तिपूर्ण वातावरणमा प्रतिनिधिसभा निर्वाचन सम्पन्न भएकोमा राजनीतिक दलहरुले खुसी साटेका छन्। वक्तव्य जारी गर्दै उनीहरूले निर्वाचन सफल गराउन भूमिका खेल्ने सबै क्षेत्रलाई धन्यवाद दिएका छन्। तर, सुरुवाती चरणमा स्थिति यस्तो थिएन।

**सइन्द्र राई**



काठमाडौं, २१ फाल्गुन। शान्तिपूर्ण वातावरणमा प्रतिनिधिसभा निर्वाचन सम्पन्न भएकोमा राजनीतिक दलहरुले खुसी साटेका छन्। वक्तव्य जारी गर्दै उनीहरूले निर्वाचन सफल गराउन भूमिका खेल्ने सबै क्षेत्रलाई धन्यवाद दिएका छन्। 'यहाँहरुको सक्रिय सहभागिताले एकातर्फ लोकतान्त्रिक प्रणालीप्रति तपाईंहरुको गहिरो विश्वासलाई पुष्टि गरेको छ भने अर्कातर्फ राजनीतिक दलहरू र अब बन्ने सरकारलाई जनअपेक्षा अनुसार काम गर्न थप जिम्मेवार बनाएको छ,' नेपाली कांग्रेसका सभापति गगन थापाले भनेका छन्।

नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले शान्तिपूर्ण, सभ्य र लोकतान्त्रिक वातावरणमा निर्वाचन सम्पन्न गराउने सबै पक्षलाई धन्यवाद दिएका छन्। सँगै, जनादेशलाई सम्मान गर्दै सबै पक्षसँग मिलेर बढ्ने प्रतिबद्धता पनि गरेका छन्। 'मतदान मार्फत् जनताले देखाएको उच्च सहभागिता, संयम र संघीय लोकतान्त्रिक गणतन्त्रप्रतिको विश्वासले हाम्रो प्रणालीलाई अझ सुदृढ बनाएको छ,' प्रचण्डले लेखेका छन्।

वर्तमान सरकारको सद्भाव नै रास्वपाका वरिष्ठ नेता बालेनले प्रधानमन्त्री सुशीला कार्कीलाई आमा सम्बोधन नै गरे। 'हजुरको नेतृत्वमा आज लोकतन्त्रले जितेको छ,' बालेनले लेखेका छन्। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले मतदान लगत्तै निर्वाचन शान्तिपूर्ण र उत्साहपूर्ण ढंगले सम्पन्न भएकोमा खुसी व्यक्त गरे। 'शान्तिपूर्ण रुपमा उत्साहपूर्ण ढंगले मतदान भएको पाएँ, खुसी लागेको छ,' ओलीले भनेका छन्। त्यसअघि भक्तपुरको बालकोटस्थित महेन्द्र मावि केन्द्रबाट मतदान गरेका ओलीले पत्रकारहरुसँग कुरा गर्ने क्रममा आफू प्रधानमन्त्री बन्ने दाबी समेत गर्न भ्याएका थिए। 'भरसक बहुमत ल्याउँछ एमालेले, कथंकदाचित ल्याएन भने प्रमुख पार्टीका रुपमा आउँछ भनेर मैले पहिलेबाट भनेको छु,' ओलीले भने, 'मलाई मेरो पार्टीले प्रधानमन्त्री बन्न भन्या छ, मेरो पार्टीले भनेपछि देशले बनाउँछ।'

अरू दल र नेताहरूले पनि निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न गराएकोमा सरकार, सम्बन्धित सरोकारवाला र जनतालाई धन्यवाद दिएका छन्। गृहमन्त्री ओमप्रकाश अर्यालले त निर्वाचनलाई 'अभूतपूर्व' नै भनेका छन्। अनलाइनखबरसँग उनले भनेका छन्, 'हामीले मतदानको केही दिनमा कहिँ पनि हिंसा र रक्तपात नहोस् भनेर केही महिनादेखि भन्दै आएका थियौं, र त्यो लक्ष्य पुरा भएको छ।'

**स्वयं प्रधानमन्त्रीलाई थिएन विश्वास**

जेनजी आन्दोलन विध्वंशमा परिणत भइरहेको २४ भदौलाई सम्झने हो भने मुलुक निर्वाचनसम्म आइपुग्नु चानचुने उपलब्धि होइन। देशभर आगो लागिरहँदा मुलुक लगभग राज्यविहीन जस्तो अवस्थामा पुगेको थियो। नेपाली सेना सहजकर्ता बनेर राष्ट्रपति रामचन्द्र पौडेलबाट वर्तमान संविधानकै अन्तर्गत रहेर मुलुकलाई सरकार दिने पहल लिइएको थियो। पूर्वप्रधानन्यायाधीश सुशीला कार्की अन्तरिम चुनावी सरकारको प्रधानमन्त्री नियुक्त हुँदा 'आवश्यकताको सिद्धान्त' भनिएको थियो।

२१ फागुनमा चुनाव गराउने मिति घोषणा गरेर राष्ट्रपति पौडेलले नियुक्त गरेको प्रधानमन्त्री कार्की सुरुमा आफैं विश्वस्त थिइनन्। एक अन्तर्वार्ताका क्रममा 'केही समय पर भए पनि निर्वाचन हुन्छ'

**–बाँकी अन्तिम पेजमा**

*दलहरू तानिँदै...*

भन्ने शब्द प्रयोगलाई उनको आत्मविश्वाससँग जोडेर हेर्न सकिन्छ। अफ सम्पादकहरूसँग प्रधानमन्त्री कार्कीले 'मुख्य नेताहरुको अनुहार समेत हेर्न मन नभएको' बताउनुले निर्वाचनमा दलहरुलाई सामेल गराउन कति कठिन थियो भन्ने अनुमान लगाउन सकिन्छ। प्रधानमन्त्री कार्कीको यही कुरालाई लिएर कांग्रेस, एमाले, नेकपा जस्ता दलका नेताहरूले अड्को थाप्न खोजे। चुनाव नगराउने अभियानको मुख्य नेतृत्व एमाले र यसका अध्यक्ष ओलीले गरे।

जेनजी आन्दोलनका क्रममा विघटन गरिएको प्रतिनिधि सभा पुनर्स्थापनाको माग लिएर एमाले संस्थागत रूपमै सर्वोच्च अदालत गयो। नेकपाले साथ नदिए पनि कांग्रेसका सांसदहरूलाई मनाउन ओली सफल भए। कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवाको विश्वास जितेर ओलीले 'निर्वाचन होइन, संसद् पुनर्स्थापना' भन्ने राजनीतिक लाइनलाई बलियो बनाएका थिए।

मौन अवधि सुरू भइसक्दा समेत ओलीले यो राजनीतिक लाइन छोडेका थिएनन्। ओलीले निर्वाचन हुनै नसक्ने, र सर्वोच्च अदालतले प्रतिनिधि सभा पुनस्थापनाको सुनुवाइ गर्नुपर्ने सार्वजनिक दबाव दिँदै आएका थिए। यद्यपि निर्वाचनको प्रक्रियामा पनि एमाले सामेल हुँदै आएको थियो। उम्मेदवारहरू भोट माग्न मतदाताको घरआँगन पुग्दा एमालेको वक्तव्य भने निर्वाचनप्रति शंका गरेरै सार्वजनिक भइरहेको थियो।

'समाजमा अनेक बहानामा निर्वाचन सार्ने जस्ता भ्रामक हल्ला चलेकोप्रति नेकपा एमालेको ध्यान केन्द्रीत भएको छ। एमाले कुनै पनि बहानामा चुनाव सार्ने होइन, घोषित समय (फागुन २१ गते) मै हुनुपर्छ भन्ने दृढ अडानमा छ,' गत १२ फागुनमा जारी वक्तव्यमा भनिएको थियो।

एमाले जसरी प्रष्ट भाषामा नबोले पनि अरु दलहरु समेत निर्वाचन सार्न चाहन्थे। हिमपात हुने क्षेत्रको कठिनाइबारे प्रधानमन्त्री कार्कीको अभिव्यक्तिलाई लिएर नेताहरु एक स्वर सुनिनु एउटा उदाहरण हो। गत २१ माघमा नवलपुर पुगेकी प्रधानमन्त्री कार्कीले निर्वाचन नरोकिने, तर हिमपातका कारण समस्या आए विचार गर्नुपर्ने बताएकी थिइन्। 'सरकारले जसरी पनि गराउँछ निर्वाचन। कहीं रोकियो भने अर्कोपटक गराउँछ,' प्रधानमन्त्रीले भनेकी थिइन्, 'थोरै सानो क्षेत्र ठाउँ भएकोमा त सवारीसाधन प्रयोग गरेर, मान्छे ओसारेर पनि गराउँला। त्यहाँ हुनै नसक्ने अवस्था हो भने विचार गरेर हुन्छ।'

प्रधानमन्त्री कार्कीको आशय निर्वाचन दुई चरणमा गराउने भन्ने थिएन। तर ओली, प्रचण्ड सहित नेताहरुले दुई चरणमा गराउने षडयन्त्र नगर्न सार्वजनिक चेतावनी दिए। ओलीले त चेतावनीकै स्वरमा प्रतिक्रिया जनाएका थिए। 'सुन्दैछु, हिमाली भेगमा निर्वाचन हुन नसक्ने भयो, त्यसैले दुई चरणमा निर्वाचन गर्ने,' ओलीले भनेका थिए, '। अहिले पनि हामी भन्न चाहन्छौं, भ्याईदैन भने मिति सार, एकैदिन निर्वाचन हुनुपर्छ। सोभै निर्वाचन भइसकेपछि मत गणना गरिनुपर्छ। धाँधली गरेर निर्वाचनको नाटक चल्दैन।'

तर, घोषित मितिमै निर्वाचन गराउनुपर्छ भन्ने संकल्पमा अडिग प्रधानमन्त्री कार्कीले भोलिपल्टै, २२ माघमा ओलीलाई बालुवाटार बोलाइन्। आफ्ना विश्वासिला नेताहरु साथमा लिएर बालुवाटार पुगेका ओलीलाई प्रधानमन्त्री कार्कीले निर्वाचन एकैचरणमा हुने, र निष्पक्ष हुने आश्वासन दिलाइन्। यस्तै घटना मंसिर पहिलो साता पनि भएको थियो। ६ मंसिरमा भृकुटीमण्डपमा आयोजित एमालेको सभाबाट ओलीले सुशीला कार्कीलाई निर्वाचन गराउने अधिकार नभएको घोषणा गरेका थिए। 'तपाईंसँग चुनाव गराउने अधिकार छैन,' ओलीले भनेका थिए, 'अहिले शासन विधिको त कुरै छाडिदिउँ, अनधिकृत व्यक्ति, उत्पातबाट सिर्जना भएको सरकार छ।'

तर, आफूप्रति ओली सहितका नेताहरुले प्रयोग गर्ने तिक्ततापूर्ण आरोपको प्रधानमन्त्री कार्कीले कहिल्यै जवाफ फर्काइनन्। बरू उल्टै राष्ट्रपति पौडेलको साथ लिएर सम्वाद अगाडि बढाइन्। शीतलनिवासबाट सुरु भएको सम्वादलाई प्रधानमन्त्री कार्कीले बालुवाटारमै राख्ने अवस्था सिर्जना गरिन्। छलफलहरुमा आमसाधरणले थाहा पाउनेगरी थुप्रै राजनीतिक लेनदेन देखियो। तर निर्वाचनलाई धकेल्ने प्रस्तावमा सहमत भइनन्। एउटा भेलामा त देउवा, ओली र प्रचण्डले उम्मेदवारी मनोनयनको मिति ६ माघबाट एक साता सारिदिन सामूहिक प्रस्ताव नै गरेका थिए। हिमाली क्षेत्रमा हुने हिमपातलाई देखाएरै देउवाले मनोनयनको मिति सार्नुपर्ने तर्क गरेका थिए। तर प्रधानमन्त्री कार्की तयार भइनन्।

एक मन्त्रीका अनुसार, घोषित तालिकामा एक दिन पनि तलमाथि गरिए परिस्थिति नियन्त्रण बाहिर जाने बुफाइमा प्रधानमन्त्री थिइन्। 'साता त के एक दिन पनि निर्वाचन तालिका तलमाथि भयो भने राजनीतिक परिस्थिति मेरो हातमा फुत्कन्छ, चलखेल शुरु हुन्छ भन्ने बुफाइमा प्रधानमन्त्री हुनुहुन्थ्यो,' उनी भन्छन्, 'त्यसैले हरहालतमा निर्वाचन घोषित तालिकामै गर्न जोड दियौं।' दलहरुलाई चिढ्याउनेगरी सरकारले कुनै पनि निर्णय नगर्नुको पछाडि घोषित मितिमै निर्वाचन गराउने प्रधानमन्त्रीको योजना थियो। दीर्घकालीन महत्वको काम गरेर दलहरु नचिढाउने उनको नीतिकै कारण महावीर पुनको राजीनामा आएको थियो। दलहरुलाई जस्तै जेनजी अगुवाहरुलाई समेत प्रधानमन्त्री कार्की चुनावका निम्ति सहमत गराइन्।

# दाङको निकुञ्च प्रभावित स्थानीयले किन गरे चुनाव बहिष्कार ?



दाङ, २१ फाल्गुन। दाङको बबई गाउँपालिका ७ देउती मावि मलईमा बिहानैदेखि मतदानका लागि मतदान स्थल तयार गरियो। सात बजे मतदान सुरु हुने अपेक्षमा चारैतीर सुरक्षाकर्मी र मतदान अधिकृत मतदान स्थलमा तैनाथ थिए। तर देउती मावि मलईमाको मतदान स्थल दिनभर सुनासन बन्यो। मतदाता आउने आशमा निर्वाचन सफल बनाउन पुगेका कर्मचारीहरु बेलुकासम्म कुरेर बसे। तर एक जना पनि मतदाता भोट हाल्न आएनन्। अन्तिमसम्म पनि मतदाता नआएपछि अन्ततः निर्वाचन अधिकृत टोली रित्तो मतपेटिका बोकेर फर्किए। ६८२ मतदाता रहेको यो मतदान केन्द्रमा शून्य मत खस्यो।

बेलुकी ५ बजेसम्म पनि मतदाता नआएपछि आफूहरु रित्त फर्कनु परेको मतदान अधिकृत टेकबहादुर खड्काले जानकारी दिए। 'ढिलै भए पनि आउँनुहुन्छ की भनेर हामी कुरेर बस्यौं' उनले भने, 'तर कोही अन्तिमसमयसम्म पनि नआएपछि निराश हुँदै फर्कियौं।' त्यस्तै बबई गाउँपालिका १ स्थित जनता आवि जिला मतदान केन्द्रमा जम्मा १० मत खस्यो। ५३० मतदाता रहेको यो केन्द्र १० भोटमात्र खस्यो। देशभर आज मतदाताहरुले उत्साहपूर्वक निर्वाचनमा सहभागी भइरहँदा यो क्षेत्रका स्थानीयलाई फागुन २१ गतेको चुनावले छोएन। यसको कारण हो, बाँके राष्ट्रिय निकुञ्ज दाङ मध्यवर्ती क्षेत्रका पीडितहरुले गरेको चुनावी बहिष्कार।

निकुञ्जको बन्यजन्तुको आतंकबाट पीडित भएका यस क्षेत्रका स्थानीयहरुले यसपाली चुनावी बहिष्कार गरेका हुन्। लामो समयदेखि आन्दोलनरत स्थानीयहरुले विरोध स्वरुप फागुन २१ गतेको चुनावमा भोट नहालेको निकुञ्ज क्षेत्र संघर्ष समितिका अध्यक्ष चन्द्रबहादुरले राङ मगरले बताए। जंगलीबन्य बन्तु खास गरी बाघको आतंक बढेपछि आफूहरुलाई बस्ती स्थानतरणको माग राख्दै आएको उनले बताए।

'निकुञ्जमा वन्यजन्तु वृद्धि भएपछि बालीनाली र घरपालुवा पशुपन्छी खाइदिने समस्या त भेल्दै आएका थियौं', उनले भने, 'अहिले त बाघको आतंकले बस्नै नसक्ने स्थिति बन्यो। दुई तीन पटक बाघले आक्रमण गर्दा भागेर ज्यान जोगएको अवस्था छ।' उनका अनुसार दाङको दंगीशरण गाउँपालिका १ फुर्केशली, बबई गाउँपालिका १ को बनचरी, क्युनेरी, कप्तानी, जिला, सिमलकुना र बबइ गाउँपालिका ७ मलई गाउँ निकुञ्च प्रभावित क्षेत्र हुन्। वन्यजन्तुको आतंक बढेपछि बस्ती स्थान्तरणको माग राख्दै आन्दोलन गर्दै आएका थिए। उनीहरुले चुनाव बहिस्कार गर्ने समेत चेतावनी दिदै आएका थिए।

तर पटक पटक आन्दोलन गर्दा पनि आफ्ना माग सुनुवाइ नभएपछि चुनाव नै बहिष्कार गर्नुपरेको उनले बताए। निकुञ्च प्रभावित क्षेत्रका स्थानीयहरुले एक महिना अघिबाट आन्दोलन गर्दै आएका थिए। यो क्षेत्र दाङ निर्वाचन क्षेत्र नरु ३ मा पर्छ।

# निर्वाचन सम्पन्न गर्ने सरकारको योजना सफल भयो : गृहमन्त्री अर्याल

**गृहमन्त्री ओमप्रकाश अर्यालले बिहीबारको निर्वाचनलाई 'अभूतपूर्व' भनी टिप्पणी गरेका छन्। निकै शान्तिपूर्ण रुपमा मतदान सम्पन्न भएको भन्दै उनले सरकारको योजना सफल भएको बताएका हुन्।**



काठमाडौं, २१ फाल्गुन। गृहमन्त्री ओमप्रकाश अर्यालले बिहीबारको निर्वाचनलाई 'अभूतपूर्व' भनी टिप्पणी गरेका छन्। निकै शान्तिपूर्ण रुपमा मतदान सम्पन्न भएको भन्दै उनले सरकारको योजना सफल भएको बताएका हुन्। 'हामीले मतदानको दिनमा कहिँ पनि हिंसा र रक्तपात नहोस् भनेर केही महिनाअघिदेखि भन्दै आएका थियौं' उनले प्रतिक्रियामा भने, 'त्यो लक्ष्य पूरा भएको छ।'

मतदान प्रक्रिया अवरुद्ध नहोस् र कहिँ पनि फेरि मतदान गर्न नपरोस् भनेर सुरक्षा सतर्कता अपनाएको भन्दै उनले थपे, 'दिउँसो केही ठाँउमा छिटफुट घटना भएपछि फेरि मतदान अघि बढेको छ। कामना गरौं, त्यो स्थिति नआओला।' आफूहरुले सोचेको कुरा पूरा भएको भन्दै उनले निर्वाचनको इतिहासका जानकारहरुले पनि विगतमा यो खालको शान्तिपूर्ण निर्वाचन नदेखेको बताए। विगतको तुलनामा केही कम मत खसेको हुनसक्ने भन्दै उनले निर्वाचन सुरक्षामा गरिएको कडाईले फर्जी मत नखसेकाले अनुपात घटेको हुनसक्ने प्रतिक्रिया दिए।

विगतमा केही मतदान केन्द्रमा धाँधली गरेर ९५ प्रतिशतभन्दा बढी मत खसेको भेटिएको उदाहरण दिँदै उनले थपे, 'यसपाली अनधिकृत व्यक्तिहरुले मतदान गर्न पाएका छैनन्।' उनले अब तत्काल मतदानपछिको सुरक्षा योजना शुरु हुने भन्दै मतपेटिका संकलन र गणनास्थलमा पुऱ्याउने कामले प्राथमिकता पाउने बताए। उनले थपे, 'अब हामी मतपेटिका ढुवानी र गणनाको सुरक्षामा लाग्नेछौं।'

# अर्काको नाममा मतदान गर्न खोज्ने एक जना पक्राउ

रौतहट, २१ फाल्गुन। प्रतिनिधि सभा सदस्य निर्वाचनमा अर्काको नाममा मतदान गर्न खोज्ने एक जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा रौतहटको राजपुर-९ का १५ वर्षीय आरजे हायात रहेका छन्। राजपुर नगरपालिका-९, बैरिया गाउँ उत्तरको यतीम खाना अनाथालय बरिया (क) मतदान केन्द्रमा फर्जी मत खसाल्न खोजेको आरोपमा हायातलाई प्रहरीको जिम्मा लगाइएको मतदान अधिकृत सुभाष यादवले बताउनुभयो। राजपुर नगरपालिका-९, बरियाका महम्मद आसिकको नामका मत खसाल्न लागेकोले पहिचान पछि प्रहरीको जिम्मा लगाइएको उहाँको भनाइ छ। पक्राउ परेका हायातलाई नियन्त्रणमा राखिएको र निर्वाचन ऐन अनुसार कारबाही गरिने जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक विष्णु प्रदिप बस्यालले जानकारी दिनुभयो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)